# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ६, संख्याः १९, चैत्र १९ गते, २०७९ साल**


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका पशु प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मितिः २०७९।१२।१९

**प्रस्तावना** : व्यास नगरपालिकाको समग्र आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रूपमा पशुपालन क्षेत्र पनि एक हो । पशुपालन व्यवसायलाई आधुनिक, प्रतिष्पर्धी र व्यवसायिक बनाउन उत्पादन लागत घटाउन यान्त्रीकरण, वैज्ञानिकीकरण र वातावरणमैत्री बनाउँदै लैजान जरूरी रहेको छ । व्यास नगरपालिकाबाट सञ्चालन गरिने पशु प्रवर्द्धन कार्यक्रमलाई थप प्रभावकारी, पारदर्शी एवं गुणस्तरयुक्त रूपमा कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

### परिच्छेदः १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका पशु प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमायस कार्यविधिमा,

(क) "आर्थिक विकास समिति" भन्नाले व्यास नगरपालिकाको आर्थिक विकास समिति सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले व्यास नगरपालिकाको पशु प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।
(ङ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।
(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
(छ) "फर्म, कम्पनी, समूह, सहकारी" भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई कृषि क्षेत्रलाई मुख्य लक्ष्य बनाई सञ्चालनमा रहेका निजी फर्म, सामुहिक फर्म, कम्पनी, कम्पनी वा सहकारी सम्झनु पर्छ ।
(ज) "शाखा" भन्नाले व्यास नगरपालिकाको कृषि, पशुपन्छी तथा सहकारी विकास शाखा सम्झनु पर्छ ।
(झ) "शाखा प्रमुख" भन्नाले व्यास नगरपालिकाको कृषि, पशुपन्छी तथा सहकारी विकास शाखा प्रमुख सम्झनु पर्छ ।
(ञ) "साझेदार संस्था" भन्नाले छनोट भई कार्यालयसँग द्विपक्षीय सम्झौता गर्ने पशुपालनमा आवद्ध कृषक समूह, फर्म एवं कम्पनी सम्झनु पर्छ ।

## परिच्छेद २
## उद्देश्य

३. **कार्यक्रमको उद्देश्य :** कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :
(क) नगरपालिकाबाट सञ्चालन हुने पशु प्रवर्द्धन कार्यक्रम कार्यान्वयन प्रकृयालाई सरल, सहज, गुणस्तरीय र व्यवस्थित बनाउने,
(ख) अनुदान वितरण तथा अनुदानग्राहीहरु छनोट प्रकृयालाई प्रभावकारी, पारदर्शी र निष्पक्ष बनाउने,
(ग) पशुपालन व्यवसायलाई यान्त्रिकीकरण, वैज्ञानिकीकरण र व्यवसायीकरणमा जोड दिँदै दिगो, मर्यादित, प्रतिष्पर्धी एवं उत्पादनमूलक बनाउने ।

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन प्रकिया

४. **कार्यक्रम सञ्चालन प्रकृया :** (१) निवेदन/प्रस्ताव पेश गर्नु पर्ने : कार्यालयले अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकलाई लक्षित गरी तीस दिनको म्याद राखी अनुसूची १ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । निवेदकले कार्यक्रममा समावेश हुन निवेदनको साथ आवश्यक कागजातहरू संलग्न गरी आवेदन पेश गर्नु पर्नेछ । साथै कार्यक्रम सञ्चालनको लागि सूचना प्रकाशन गरिएको सूचनामा उल्लेखित शर्तहरु पनि लागू हुने छन् । माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले पुन: पन्ध्र दिनको म्याद राखी एक पटकको लागि प्रस्ताव आव्हानको सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) प्रस्ताव दर्ता : कार्यक्रममा सहभागी हुन तपसिल बमोजिमको योग्यता पुरा भएको हुनु पर्दछ । योग्यता पुरा नगरेको संस्थाले दफा ४ को उपदफा (१) मा उल्लेखित समयावधि भित्र अनुसूची २ बमोजिमको आवेदन, अनुसूची ३ बमोजिमको कार्ययोजना प्रस्ताव र आवश्यक कागजात सहित आवेदन दर्ता गर्नु पर्नेछ ।

(क) आवेदन पेश गर्ने आवेदक संस्थाले सम्बन्धित वडा कार्यालयमा व्यवसाय दर्ता गरेको हुनु पर्नेछ ।
(ख) अनुदान कार्यक्रममा सहभागी हुने आवेदक संस्थाले सूचना प्रकाशन हुनु पूर्व सम्बन्धित व्यवसाय दर्ता गरेको हुनु पर्नेछ ।

(ग) नगरपालिका वा अन्य सरकारी निकायबाट कुनैपनि विधामा एक पटक अनुदान सहयोग प्राप्त गरेका अनुदानग्राहीले सोही विधामा दुई आर्थिक वर्षको लागि अनुदान पाउने छैन ।

(घ) आवेदक कुनै वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा नपरेको हुनु पर्नेछ ।

(ङ) आवेदकले कार्यक्रम सञ्चालन गर्दा वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी कुनै प्रभाव नपर्ने स्थानको हुनु पर्नेछ ।

(३) प्रस्ताव मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरण :

(क) तोकिएको समय सिमा भित्र विधिवत रुपमा पेश हुन आएका प्रस्तावहरुको अध्ययन, मूल्याङ्कन, निरीक्षण एवं अनुगमन, नगरपालिकाको आर्थिक विकास समिति र शाखा/पशुपन्छी विकास उपशाखाले गरी अनुदानग्राही छनोटको लागि कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(ख) आर्थिक विकास समिति/अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(१) रीतपूर्वक पर्न आएका आवेदनहरुको जाँचबुझ गर्ने ।

(२) आवेदन साथ पेश भएका प्रस्तावको मूल्याङ्कन गर्ने ।

(३) आवेदन पेश गर्ने आवेदक कृषक समूह, फर्म, कम्पनी वा सहकारीको स्थलगत निरीक्षण तथा अनुगमन गर्ने, गराउने ।

(४) समितिले अनुसूची ४ अनुसारको फिल्ड भेरिफिकेशन चेक लिष्टबाट प्राप्त विवरण र अनुसूची ५ बमोजिमको मूल्याङ्कनका आधारमा अनुदानग्राही पहिचान गरी अनुदानको लागि कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(५) आवश्यकता महशुस भएमा बढीमा दुई जनासम्म विषय विज्ञ वा जनप्रतिनिधिलाई आमन्त्रण गर्ने ।

(ग) प्रस्तावकले प्रस्तावनाका साथ पेश गरेको विवरण समितिबाट स्थलगत अनुगमन गर्दा गलत पाइएमा स्थलगत अनुगमन गर्दाको विवरणलाई तथ्य मानी मूल्याङ्कन गरिने छ ।

(४) प्रस्तावको छनोट, जानकारी र सम्झौता :

(क) कार्यालयले १५ दिनको समयावधि राखी छनोट सूची प्रकाशन गरी सम्झौताका लागि आव्हान गर्नेछ ।

(ख) प्रस्ताव छनोट बारे सम्बन्धित संस्थाले सात दिन भित्र निवेदन वा उजुरी गर्न सक्ने छन् ।

(ग) छनोट भएका आवेदक संस्थासँग अनुसूची ६ बमोजिमको द्विपक्षीय सम्झौता गरी तोकिएको कार्यक्रम कार्यान्वयन गरिने छ । कार्यालयको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीले सम्झौता गर्नेछ ।

(घ) तोकिएको समय भित्र द्विपक्षीय सम्झौता नभएमा योग्यताक्रम अनुसारका छनोट हुने आवेदकसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिने छ ।

(ङ) छनोट भएका आवेदक संस्थाले प्राप्त अनुदान रकम अनुसूची ७ बमोजिमको क्रियाकलापहरु सञ्चालन गर्नका लागि खर्च गर्नु पर्नेछ ।

(च) छनोट भएको आवेदकले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा समयावधि नाघेपछि नगरपालिका सम्झौता गर्न बाध्य हुने छैन ।

परिच्छेद ४

## आर्थिक प्रशासन

५. **आर्थिक प्रशासन :** (१) कार्यक्रमको लेखाङ्कन, कारोबार, लेखा परीक्षण गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिने छ ।

(२) भुक्तानी प्रकृया

(१) अनुदान रकम सम्झौता भएको मितिभन्दा पहिले सम्पन्न भएका कार्यहरुमा खर्च गर्न पाइने छैन ।

(२) वार्षिक स्वीकृत कार्यक्रमको परिधिमा रही कार्य सञ्चालनका लागी अनुदान रकम कार्य सम्पन्न भएपछि मात्र उपलब्ध गराइने छ । सामान्यतः स्वीकृत कार्यक्रममा ५० प्रतिशत नगरपालिका र ५० प्रतिशत आवेदकले व्यहोर्नु पर्नेछ ।

(३) सम्बन्धित साझेदार संस्थाले शुरुमा आफ्नो तर्फबाट सम्झौता अनुसारको कार्य सम्पन्न्न गरिसकेपछि भौतिक संरचनाको हकमा प्राविधिकले तयार गरेको अन्तिम मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन, बिल भर्पाइ, सम्बन्धित वडा कार्यालयको सिफारिस र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागी निवेदन पेश गरे पश्चात् आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी मनासिव ठहरेमा साझेदारको बैंक खातामा कार्यालयले भुक्तानी गर्नेछ ।

(४) नियमानुसारको कर कट्टा गरी बाँकी रकम उपलब्ध गराइने छ ।

परिच्छेद ५

## थपघट वा हेरफेर गर्न सक्ने

६. **थपघट वा हेरफेर गर्न सक्ने :** यो कार्यविधि कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ । यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा नगरपालिकाले निर्णय गरे अनुसार हुनेछ ।

परिच्छेद ६

## विविध

७. **स्पष्टीकरण :** साना, मझौला र ठूला व्यवसायिक फर्मको वर्गीकरण तपसिल अनुसार हुनेछ :

(क) गाईभैंसी : साना, मझौला र ठूला भन्नाले क्रमशः कम्तिमा ५-९, १०-१४ र १५ वा सो भन्दा बढी संख्यामा माउ/वाली जाने उमेरको कोरेली भएका कृषक । मासुको लागि पाडापालन गर्नेको हकमा साना, मझौला र ठूला भन्नाले क्रमशः १०-२५, २६-५० र ५१ वा सो भन्दा बढी संख्यामा पशु भएका कृषक ।

(ख) भेडाबाखा : साना, मझौला र ठूला भन्नाले क्रमशः १०-१५, १६-२५ र २६ वा सो भन्दा बढी संख्यामा माउ भएका कृषक ।

(ग) वङ्गुर/सुङ्गुर : साना, मझौला र ठूला भन्नाले क्रमशः ५-९, १०-१४ र १५ वा सो भन्दा बढी संख्यामा माउ भएका कृषक । मासुको लागी वङ्गुरपालन गर्ने कृषकको हकमा साना, मझौला र ठूला भन्नाले क्रमशः १०-१५, १६-३० र ३१ वा सो भन्दा बढी संख्यामा पशु भएका कृषक ।

अनुसूची १

(दफा ४ (१) सँग सम्बन्धित)

**प्रस्ताव आव्हान सूचनाको ढाँचा**

प्रथम पटक प्रकाशित मिति.....

व्यास नगरपालिकाको आ.व. ................ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको ............. कार्यक्रम सञ्चालन गर्न इच्छुक नगरपालिका भित्रका पशुपालक कृषक समूह/फर्म/कम्पनी/सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा कार्ययोजना प्रस्ताव सहित देहाय अनुसारका कागजातहरु संलग्न राखी नगरपालिकामा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । साथै रीत नपुगी दर्ता भएका प्रस्ताव छनोट प्रकृयामा समावेश गरिने छैन ।

**आवश्यक कागजतहरू :**

(क) तोकेको ढाँचा अनुसारको आवेदन र संक्षिप्त कार्ययोजना प्रस्ताव ।

(ख) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि ।

(ग) व्यास नगरपालिकामा संस्था दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपि र संस्थाको आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाणपत्रको प्रतिलिपि (पान नम्बर) ।

(घ) गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

(ङ) समूह/सहकारीको हकमा संस्थागत निर्णयको प्रतिलिपि ।

(च) जग्गा स्वामित्व देखिने जग्गाधनी प्रमाणपत्रको फोटोकपि/लिजमा लिएको जग्गा भए ५ वर्षको करारनामा प्रतिलिपि ।

(छ) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

(ज) पशुपालन सम्बन्धी तालिम लिएको भए प्रमाणपत्रको प्रतिलिपि र वैदेशिक रोजगारबाट फर्केको युवाहरुको हकमा पासपोर्टको प्रतिलिपि ।

अनुसूची २
(दफा ४ (२) सँग सम्बन्धित)
आवेदनको ढाँचा

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,
व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, तनहुँ ।

विषय : प्रस्ताव पेश गरिएको बारे ।

प्रस्तुत विषयमा व्यास नगरपालिकाबाट मिति ...................... मा प्रकाशित सूचना अनुसार ............. प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न इच्छुक भएको हुँदा तोकिएको ढाँचामा कार्ययोजना प्रस्ताव तयार गरी यो निवेदन पेश गरेको छु/छौं । मेरो/हाम्रो प्रस्ताव स्वीकृत भएमा नगरपालिकाको नियमानुसारको कामकाज गर्न मञ्जुर छु/छौ ।

निवेदकको

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं. :

संस्थाको नाम :

संस्थाको छाप :

अनुसूची ३
(दफा ४ (२) सँग सम्बन्धित)
संक्षिप्त कार्ययोजना प्रस्तावको ढाँचा

१. कृषि फर्म/समूह/सहकारी संस्थाको नाम : ..........................................................................

२. आवेदकको नाम, थर : ..........................................................................................................

३. ठेगानाः व्यास नगरपालिका, वडा नं. : .......... गाउँ/टोल : ..........................................

४. संस्था दर्ता मिति :

५. कार्यक्रम सञ्चालन हुने स्थान :

६. सञ्चालन गर्ने/गरेको व्यवसाय :

७. हाल रहेको पशुहरूको संख्या :

| क्र. सं. | पशुको विवरण | माउ/दुहुना | कोरली/ पठ्याङ्गी/छतौरी | राँगो/ साढे/बोका/बीर | पाडापाडी/बाच्छा बाच्छी/पाठापाठी | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

८. हाल भएको औजार उपकरण विवरण र संख्या :

९. जग्गाको उपलब्धता र घाँस खेती :
-घाँस खेती गरेको/गरिने क्षेत्रफल :
-खेती गरिएको घाँसहरू :

१०. कार्यक्रमबाट सञ्चालन गरिने क्रियाकलापको विवरण :

| क्र. सं. | क्रियाकलापहरुको विवरण | परिमाण (संख्या/गोटा आदि) | अनुमानित लागत | | कुल रकम | सम्पन्न गर्न लाग्ने समय |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

११. कार्यक्रमबाट माग गरेको अनुदान रकम :

१२. प्रस्तावित कार्यक्रम सञ्चालनबाट प्राप्त हुने उपलब्धिहरू (भौतिक संरचना विकास/सुधार, वार्षिक उत्पादन, रोजगारी सृजना, आदि)

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">विवरण</th><th rowspan="2">इकाई</th><th colspan="2">परिमाण</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>हालको अवस्था</th><th>कार्यक्रम संचालन पश्चातको अवस्था</th></tr>
<tr><td>(क)</td><td colspan="5">भौतिक संरचना विकास सुधार</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>(ख)</td><td colspan="5">वार्षिक उत्पादन</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>(ग)</td><td colspan="5">रोजगारी सृजना (एकाघर बाहेक)</td></tr>
<tr><td>(घ)</td><td>अन्य उपलब्धिहरु</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<u>प्रस्तावकको</u>

दस्तखत :

नाम :

मिति :

छाप :

# अनुसूची ४
## (दफा ४ (३) (ख) (४) सँग सम्बन्धित)
## अनुदान प्रस्तावनाको मूल्यांकनका लागि फिल्ड भेरिफिकेशन चेक लिस्ट

कृषक समूह/सहकारी/फर्मको नाम : ठेगाना :
सम्पर्क व्यक्ति/प्रोप्राइटरको नाम : सम्पर्क नं. :

१. कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरु

| | | | |
|---|---|---|---|
| सडक सुविधा छ/छैन | | नजिकको बजारको नाम | |
| कस्तो सडक छ (पक्की/कच्ची) | | बजार सम्मको दुरी (कि.मी.) | |
| बिजुलीको सुविधा छ/छैन | | पानीको सुविधा छ/छैन | |
| जग्गाको स्वामित्व (लिज/आफ्नै) | | प्रत्यक्ष लाभान्वित संख्या | |

२. संस्था दर्ता मितिः , नियमिति नवीकरण भए/नभएको :

३. पालन गरिएको पशु संख्या :
गाई : माउ संख्या जम्मा संख्या
भैंसी : माउ संख्या जम्मा संख्या मासुको लागि पाडा संख्या :
बाखा : माउ संख्या जम्मा संख्या
बङ्गुर/सुङ्गुर : माउ संख्या जम्मा संख्या

४. आहारा व्यवस्थापन
-निजी वा भाडाको जग्गामा घाँस खेती गरे/नगरेको
-वर्षभरी घाँस खेती गरेको कुल क्षेत्रफल :
-वर्षभरी खेती गर्ने गरेका घाँसका प्रजातीहरू : ........................................
-साइलेज बनाएर खुवाउने गरे/नगरेको :
-उत्पादन लागत कम गर्न अपनाइएको अन्य विधि/प्रविधिहरू :

५. नविनतम प्रविधि तथा यन्त्र उपकरणको नाम र प्रयोग :

६. जैविक सुरक्षा सम्बन्धित क्रियाकलापहरु :
-जैविक सुरक्षा विधि अवलम्बन गरे/नगरेका, के के गरेको?

७. वैदेशिक रोजगारीमा गए/नगएको :
-गएको भए के के काम गरेको अनुभव :

८. यसअघि अनुदान पाए/नपाएको, पाएको भए के कार्यक्रममा पाएको?
-कति रकम पाएको? रू.
-कुन निकायबाट पाएको?

९. पशुपालन सम्बन्धी तालिमः लिएको/नलिएको लिएको भए कति दिनको?

१०. उत्पादन विवरण :
-दैनिक/वार्षिक दुध उत्पादन लिटर :
-दैनिक/वार्षिक दुध बिक्री लिटर :
-दुध बिक्री कहाँ गरिन्छ ?
-वार्षिक खसी बोका बिक्री संख्या :
-वार्षिक बङ्गुर/सुङ्गुर बिक्री संख्या :

११. गोठ/खोरको संरचना : सामान्य/व्यवस्थित

१२. प्रजनन् व्यवस्थापन : प्राकृतिक/कृत्रिम गर्भाधान गराउने गरेको

१३. स्वास्थ्य व्यवस्थापन
-संक्रामक रोग विरुद्ध खोप लगाउने गरे/नगरेको, के के खोप?
-परजिवी नियन्त्रण गर्ने गरे/नगरेको, कति कति महिनामा?
-बिमा गर्ने गरे/नगरेका, के के गरेको?

१४. अन्य व्यवस्थापन :
-गोठको सरसफाइ अवस्था : ठिकै/सामान्य/उत्तम/अतिउत्तम
-फर्म अभिलेख राख्ने गरे/नगरेको?
-दुध दुहुने र बिक्रीको लागि स्टेनलेस स्टिलका भाँडा प्रयोग गरे/नगरेको :

१५. कार्यक्रमबाट गर्न चाहेको मुख्य मुख्य क्रियाकलापहरु :

| कृषक/प्रतिनिधिको | अनुगमनकर्ताको |
|---|---|
| नाम : | नाम : |
| दस्तखत : | दस्तखत : |
| पद : | पद : |
| छाप : | |

अनुसूची ५
(दफा ४ (३) (ख) (४) सँग सम्बन्धित)
मूल्याङ्कन गर्ने आधारहरु

कार्यक्रमको नाम :
आवेदक संस्थाको नाम र ठेगाना :
मिति :

मूल्याङ्कन

| सि.नं. | सूचक | अधिकत्तम अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार (बाटो, बिजुली, पानी, बजार सुविधा आदि) | १० | | |
| २. | संस्था दर्ता अवधि (संस्था दर्ता अवधि ५ वर्ष वा सो भन्दा बढी भएमा पूर्ण अंक मानी मूल्यांकन गरिने) | ५ | | |
| ३. | हाल पालिरहेको पशु संख्या | १५ | | |
| ४. | घाँस खेतीको क्षेत्रफल (गाई, भैसी, भेडा, बाख्राको हकमा) (१ गाई/भैसी वा ४ बाख्राको लागि न्यूनतम १ रोपनीलाई पूर्ण अंक मानी मूल्यांकन गरिने)/आहारा (वंगुरको हकमा) | १० | | |
| ५. | मेसिनरी औजार उपकरणको प्रयोग तथा नविनतम कार्यहरु | १० | | |
| ६. | जैविक सुरक्षाको अवस्था तथा उपयोग | १० | | |
| ७. | वैदेशिक रोजगारबाट फर्की पशु व्यवसायमा आवद्ध | ५ | | |
| ८. | अघिल्लो दुई आ.व. मा कुनै कार्यालयबाट अनुदान नलिएको | १५ | | |
| ९. | सम्बन्धित क्षेत्रमा तालिम | १० | | |
| १०. | कार्ययोजना | १० | | |
| | **जम्मा** | **१००** | | |

- यसमा प्रस्तुत आधारहरुलाई मूल्याङ्कन प्रयोजनका लागि समितिले उप-मापदण्ड (Sub-criteria) बनाउन तथा सो अनुसार अंकभार प्रदान गर्न सक्नेछ ।

अनुसूची ६
(दफा ४ (४) (ग) सँग सम्बन्धित)
सम्झौता पत्र

व्यास नगरपालिकाको आ.व. .......... को वार्षिक स्वीकृत कार्यक्रम पशु (गाई, भैंसी, बाखा, बङ्गुर/सुङ्गुर) प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि पशु प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ अनुरुप मिति ............... मा प्रकाशित सूचना अनुसार प्राप्त आवेदनहरुको आर्थिक विकास समितिबाट अनुगमन मूल्याङ्कन पश्चात् सिफारिस भई मिति .............. गतेको कार्यपालिका बैठकबाट छनोट भई व्यास नगरपालिका (यसपछि प्रथम पक्ष भनिने) र तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. .... मा सञ्चालन रहेको ................................. को प्रोप्राइटर श्री ...................................... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिल अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम सञ्चालनका लागि दुई पक्षीय सम्झौता गरी १/१ प्रति बुझिलियौँ/दियौँ ।

**तपशिल :**

१. यो सम्झौता पत्र व्यास नगरपालिका (प्रथम पक्ष) र अनुदानग्राही (दोस्रो पक्ष) बीच .......... प्रवर्द्धन कार्यक्रम अनुदान सहयोग कार्यंक्रम सञ्चालन गर्नका लागि हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता लागू भएको मानिने छ ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भएको कार्यहरू सम्झौता भएको मितिदेखि सुरु गरी २०....../..../.... गतेभित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

४. प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको सम्झौता बमोजिम रु. ............................ ( अक्षरुपी ................................................ मात्र) उपलब्ध गराउनु पर्नेछ ।

५. दोस्रो पक्षले कार्यसम्पन्न पश्चात् प्राविधिकको अन्तिम मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन, बिल भर्पाइ, वडाको सिफारिस र सम्पन्न गरिएको कार्यको फोटो सहित भुक्तानीको लागि निवेदन पेश गरेपश्चात् आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी प्रथम पक्षले रकम भुक्तानी गर्नेछ ।

६. यदि सम्झौता अनुरुपको कार्य नगरेको पाइएमा दोस्रो पक्षलाई प्रथम पक्षले अनुदान उपलब्ध गराउन बाध्य हुने छैन ।

७. अनुदानग्राहीले अनुदान कार्यक्रम सञ्चालन भएको स्थानमा विस्तृत विवरण झल्किने होडिङबोर्ड राख्नु पर्नेछ ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भएपश्चातको सञ्चालन, व्यवस्थापन, खरीद, ढुवानी, निर्माण, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. यस सम्झौतामा उल्लेख भएका नियमहरू यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरू प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

१०. प्राविधिकको लागत इष्टिमेट तयार गरी तपशिल अनुसारको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

सञ्चालन गरिने क्रियाकलापको विवरण

| क्र.सं. | क्रियाकलापको विवरण | इकाइ | परिमाण | लागत साझेदारी | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | अनुदान रु. | कृषकको लगानी रु. | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालयको छाप | मोवाइल नं. : |
| | संस्थाको छाप |
| **साक्षीहरु** | |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| | ठेगाना : |

इति सम्वत् २०     साल …….. महिना ….. गते रोज ….. शुभम् ।

अनुसूची ७

(दफा ४ (४) (ङ) सँग सम्बन्धित)

लगानी योग्य क्रियाकलाप र अनुदान रकम

| क्र.सं. | लगानी योग्य क्रियाकलाप र अनुदान रकम |
|---|---|
| (१) | (क) गोठ/खोर निर्माण, पुरानो गोठ/खोर मर्मत सुधार (फिडर, ड्रिङ्कर, गटर मर्मत/निर्माण, भुइँ ढलान, छानो मर्मत, टाड निर्माण/मर्मत, स्टोर निर्माण),<br>(ख) जैविक सुरक्षा (बारबन्देज, फुट बाथ, व्हिल बाथ, मलमुत्र व्यवस्थापन) सम्बन्धी कार्य,<br>(ग) फर्म, मेशिनरी औजार तथा उपकरणहरु खरिद (ब्रस कटर, चाफ कटर, काउ म्याट, दुध दुहुने मेशिन, मिल्क क्यान, जेट स्प्रेयर, औषधि ड्रेनचिङ गन, काउ लिफ्टिङ मेसिन, पिग क्याचर, दाँत काट्ने मेसिन, दाना पिस्ने मेसिन आदि)<br>(घ) घाँस खेती विस्तार,<br>(ङ) भौगोलिक क्षेत्र अनुसार सम्बन्धित कार्यलयले सिफारिस गरेका बहुवर्षीय घाँस खेती गर्न बिउ/सेट्स/स्लिप/बेर्ना खरिद |
| (२) | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत (साना फर्महरुमा बढीमा १ लाख रुपैयाँसम्म, मझौला फर्महरुमा बढीमा २ लाख रुपैयाँसम्म र ठूला फर्महरुमा बढीमा ३ लाख रुपैयाँसम्म अनुदान उपलब्ध गराउन सकिनेछ) । |

आज्ञाले

गंगालाल सुबेदी

प्रमुख प्रशासकीय अधिकृत